# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ

# सूचना प्रविधि अधिकृत (IT OFFICER) सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः- २०७७/०५/०१)**

प्रस्तुतु विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (PLGSP) अन्तर्गत यस नगरपालिकालाई १ (एक) जना सूचना प्रविधि अधिकृत (IT OFFICER) पदमा सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथम पटक सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिन भित्र माग बमोजिमका विवरण समावेश गरि यस कार्यालयको वेभसाईट www.belbarimun.gov.np मा उपलब्ध फारम भरी अनलाईन निवेदन दिन हुन सर्वसाधारणको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

| विज्ञापन नं | पद/तह | सेवा/समुह | आवश्यक संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|---|
| ०१/२०७७/०७८ | सूचना प्रविधि अधिकृत/ अधिकृत छैठौ | विविध | १ (एक) | • लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको न्युनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information Technology वा सो सरह विषय मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BICT, BEIT, BSc CSIT, BE Electronics and Communication Engineering, B-Tech Electronics and Communication Engineering) को उपाधि हासिल गरेको।<br>• यदि नेपाल बाहिरको प्रमाण पत्र भए, मान्यताप्राप्त विश्वविद्यालयबाट समकक्षता निर्धारण (equivalence) गरिएको प्रमाणपत्र।<br>• सम्बिन्धत क्षेत्रमा कार्य अनुभव भएको। |

१. **उमेरः-** दरखास्त दिने अन्तिम दिन सम्ममा २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष)।

२. **दरखास्त दिने स्थानः-** बेलबारी नगर कार्यपालिकाको कार्यालय/नगरपालिकाको वेवसाईटमा रहनेछ।

३. **परिक्षाको किसिमः-**

» **प्रारम्भिक योग्यताको छनौट/ छोटो सूचिः-** शैक्षिक योग्यता, कार्यअनुभव, बेलबारी नगरपालिकामा स्थाई बसोबासलाई प्राथमिकता, कुनै पनि सरकारी संस्था वा निकायमा सम्बन्धित विषय क्षेत्रमा कार्य अनुभव आदीको आधारमा गरिनेछ।

» **प्रयोगात्मक र अन्तरवार्ताः** छोटो सूचिमा सफल उमेदवारको लागि।

४. **आवेदन साथ संलग्न कागजातहरुः-** आवेदक स्वंयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको स्क्यान गरी कागजातहरु अपलोड गर्नुपर्ने छ।

- नागरिकता
- न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
- चारित्रिक प्रमाण पत्र
- अनुभव खुल्ने कागजात
- स्थायी बसोबास खुल्ने कागजात
- २ प्रति पासपोर्ट आकारको फोटो

५. **सेवा सुविधाः-** तोकिए बमोजिम हुनेछ।

६. **सम्पादित गर्नु पर्ने कामको विवरणः** तोकिए बमोजिम हुनेछ।

७. **सेवा अवधिः** २०७८ असार मसान्त सम्मको हुनेछ र कार्यक्रमको अवधि थप भएमा कार्य सम्पादनका आधारमा सेवा करार अवधि नवीकरण गर्न सकिनेछ।

८. म्याद नाघि प्राप्त हुन आएका दरखास्त तथा रितपूर्वक पेश नभएका दरखास्त उपर कुनै कारवाही गरिने छैन।

नोटः- आवेदन फारम र कार्य विवरण लगायत अन्य जानकारी यस कार्यालयको वेवसाईट www.belbarimun.gov.np मा उपलब्ध छ। पाठ्यक्रम लोक सेवा आयोगले तोके बमोजिम हुनेछ।

**प्रमुख प्रशासकिय अधिकृत**